आज मिति २०८३/ ०३/०४ गते यस रामग्राम नगरपालिकाका नगर प्रमुख श्री धनपत यादव ज्यूको अध्यक्षता तथा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसियो ।

उपस्थिति:

| नाम | वडा नं | पद |
|---|---|---|
| श्री धनपत् यादव | | नगर प्रमुख |
| श्री सम्झना चौधरी | | नगर उपप्रमुख |
| श्री रुद्र प्रकाश उपाध्याय | १ | वडा अध्यक्ष |
| श्री निरज रौनियार | २ | वडा अध्यक्ष |
| श्री उज्जवल न्यौपाने | ३ | वडा अध्यक्ष |
| श्री मदन यादव | ४ | वडा अध्यक्ष |
| श्री रामवृक्ष अहिर | ५ | वडा अध्यक्ष |
| श्री विद्या सागर त्रिपाठी | ६ | वडा अध्यक्ष |
| श्री रबिन्द्र यादव | ७ | वडा अध्यक्ष |
| श्री महेन्द्र ठाकुर | ८ | वडा अध्यक्ष |
| श्री भोजनारायण यादव | ९ | वडा अध्यक्ष |
| श्री सुरेश यादव | १० | वडा अध्यक्ष |
| श्री धनिराम यादव | ११ | वडा अध्यक्ष |
| श्री लोक बहादुर चौधरी | १२ | वडा अध्यक्ष |
| परशुपति प्रसाद कोइरी | | का.वा वडा अध्यक्ष |
| श्री असनारायण प्रसाद चौधरी | १३ | वडा अध्यक्ष |
| श्री ओम प्रकाश यादव | १४ | वडा अध्यक्ष |
| श्री धनपत यादव | १५ | वडा अध्यक्ष |
| श्री बिजय कुमार यादव | १६ | वडा अध्यक्ष |

| | | |
|---|---|---|
| श्री कन्हैया प्रसाद कोईरी | १७ | वडा अध्यक्ष |
| श्री गोपाल डिस्वा मगर | १८ | वडा अध्यक्ष |
| श्री बच्ची कहार | ५ | कार्यपालिका सदस्य |
| श्री भगवती कुमारी चौधरी | ११ | कार्यपालिका सदस्य |
| श्री सिमिर्ती देवी चौधरी | ४ | कार्यपालिका सदस्य |
| श्री सिता मइया चौधरी | १४ | कार्यपालिका सदस्य |
| श्री नानु कुमारी थापा खड्का | ३ | कार्यपालिका सदस्य |
| श्री सुरेश पासवान | ५ | कार्यपालिका सदस्य |
| श्री अमृत सिंह जि.सि. | २ | कार्यपालिका सदस्य |
| श्री कमलेश्वर ठाकुर | १५ | कार्यपालिका सदस्य |
| श्री भूपेन्द्र पाण्डेय | सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत | |

मिति २०८३/०३/०४ गते रामग्राम नगरपालिकाको ५३ औं कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा निर्णयहरु

प्रस्ताव नं. १: अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।

निर्णय नं. १: प्रस्ताब नं १ माथि छलफल गर्दा रामग्राम नगरपालिका नगरकार्यपालिकाको अधिल्लो बैठकको समिक्षा गरियो।

प्रस्ताव नं. २: १८औं नगर सभा सम्बन्धमा।

निर्णय नं. २: प्रस्ताब नं २ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको १८औं नगर सभा मिति २०८३।०३।१० गते बिहान ११ बजे रामग्राम नगरपालिकाको सभाहलमा गर्ने।

प्रस्ताव नं ३ : रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयले मिति २०८३।०२।२७ गतेका दिन प्रकाशित आय ठेक्का सम्बन्धि निर्णय सम्बन्धमा।

निर्णय नं ३ : रामग्राम नगरपालिका नगरकार्यपालिकाको कार्यालयले मिति २०८३।०२।२७ गतेका दिन प्रकाशित आय ठेक्कामा राजस्व परामर्श समितिको सिफारिस बमोजिम उल्लेखित न्यूनतम दररेटलाई अनुमोदन गरी सो ठेक्का प्रक्रियाको थप कार्यलाई अगाडी बढाउन निर्देशन दिने।

प्रस्ताव नं ४: १५ शैय्याको अस्पताललाई सञ्चालन स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथी छलफल गर्दा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड, २०७७ तथा रामग्राम नगरपालिका नगरपालिकाद्वारा जारी स्वास्थ्य संस्था दर्ता, अनुमित तथा नविकरण सम्बन्धी निर्देशिका २०८० बमोजिम १५ शैय्या सम्मका अस्पतालको सञ्चालन स्वीकृती स्थानिय तहले दिन सकिने व्यवस्था भएकोमा यस रामग्राम नगरपालिका कार्यालयमा मिति २०८२/१२/१५ गते श्री एभरग्रिन हस्पिटल प्रा.ली., रामग्राम ३, परासीबाट १५ बेड क्षमता भएको अस्पताल संचालन स्वीकृतिकोलागि निवेदन प्राप्त भएकोमा अनुगमन समितिको प्रतिवेदन समेतका आधारमा स्वास्थ्य संस्था दर्ता, अनुमित तथा नविकरण सम्बन्धी निर्देशिका २०८० को दफा ६ को उपदफा (४)बमोजिम सञ्चालन स्वीकृती प्रदान गर्ने।

प्रस्ताव नं ५: छुट सिफारिस सम्बन्धमा।

निर्णय नं ५ : जिल्ला नवलपरासी वडा नं १२ स्थित कुनुवारमा सञ्चालनमा रहेको माँ पाल्ही भगवती कृषि फर्मले जिल्ला नवलपरासी रामग्राम नगरपालिका वडा नं ५ बस्ने बैजनाथ कलवारको नाममा दर्ता रहेको जमुवार्ड ७/क कि नं २८२ को जग्गा विवरण १-७-१० माँ पाल्ही भगवती कृषि फर्मले नामसारी गर्ने प्रयोजनका लागि प्रदेश आर्थिक ऐन बमोजिम छुट सिफारिसका लागि निवेदन माग आएकोले लुम्बिनी प्रदेश आर्थिक ऐन २०८२ को अनुसुची १ को (दफा २ को उपदफा(१)सम्बन्धीत) घ विविध (१) बमोजिम हुने गरि छुट सिफारिस गर्ने।

प्रस्ताब नं ६: घ वर्ग को इजाजत पत्र जाँचबुझ समिति सम्बन्धमा।

निर्णय नं ६: यस रामग्राम नगरपालिकाको कार्यालयमा घ वर्ग निर्माण व्यवसायीको इजाजतका प्राप्तीका लागि पेश भएका आवेदनहरुको कार्यविधि बमोजिमको योग्यता पुगे नपुगेको बिषयमा प्राविधिक मूल्याङ्कन र जाँचबुझ गरि पेश गर्ने समितिको रिक्त रहेको सदस्य सचिव पदमा वरिष्ठ प्रशासकीय अधिकृत खेम राज ढकाल (२३७६२२)तोक्ने।